# कांँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com

वर्ष : २५ | अंक : ३१७ | शनिवार, १३ भदौ, २०८३ | Saturday, 29 Aug 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०



कांँक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४



ग्राहक बन्नु परेमा


# कर्णालीमा साउनको खर्च १ प्रतिशतभन्दा कम

***कुल ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँ बजेटमध्ये पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार विनियोजन भए पनि पहिलो महिनामा ३ करोड ३४ लाख ४१ हजार ७२६ रुपैयाँ मात्रै खर्च भएको छ। यस्तै, चालुतर्फ ४२ लाख ५४ हजार १७८ रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रकको कार्यालयले जनाएको छ।***



**कांँक्रेविहार संवाददाता**
सुर्खेत, १२ भदौ

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/०८४ को पहिलो महिनामा कुल बजेटको १ प्रतिशत पनि खर्च गर्न सकेको छैन। प्रदेश लेखा नियन्त्रकको कार्यालयका अनुसार साउन महिनाभर प्रदेश सरकारले जम्मा ३ करोड ७६ लाख ९५ हजार ९०४ रुपैयाँ मात्र खर्च गरेको छ। यो प्रदेशको कुल बजेटको ०.१०६ प्रतिशत मात्रै हो।

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँ बराबरको बजेट ल्याएको छ। तर बजेट कार्यान्वयन सुरु भएको पहिलो महिनामै खर्चको अवस्था निकै कमजोर देखिएको हो।

प्रदेश लेखा नियन्त्रकको कार्यालयको विवरणअनुसार साउनमा भएको कुल खर्चमध्ये ठूलो हिस्सा पुँजीगततर्फको रहेको छ। प्रदेश सरकारले विकास निर्माण तथा पूर्वाधारसँग सम्बन्धित कामका लागि छुट्याएको पुँजीगत बजेट कार्यान्वयनको अवस्था भने झनै कमजोर देखिएको छ।

### पुँजीगततर्फ २० अर्ब, खर्च ३ करोड मात्रै

चालु आर्थिक वर्षमा प्रदेश सरकारले पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँ विनियोजन गरेको छ। तर साउन महिनामा यसमध्ये जम्मा ३ करोड ३४ लाख ४१ हजार ७२६ रुपैयाँ मात्र खर्च भएको प्रदेश लेखा नियन्त्रकको कार्यालयका लेखा अधिकृत ललित थापाले जानकारी दिए।

पुँजीगत बजेटको ठूलो हिस्सा विकास निर्माण, सडक, खानेपानी, भवन, पूर्वाधारलगायतका क्षेत्रमा खर्च हुने भए पनि आर्थिक वर्षको सुरुवातमै यसको कार्यान्वयन निकै न्यून देखिएको हो।

### चालुतर्फ ४२ लाख रुपैयाँ खर्च

त्यस्तै प्रदेश सरकारले चालु खर्चतर्फ १४ अर्ब १५ करोड १८ लाख ३६ हजार रुपैयाँ विनियोजन गरेको छ। साउनमा चालुतर्फ ४२ लाख ५४ हजार १७८ रुपैयाँ खर्च भएको छ।

चालु खर्चअन्तर्गत कर्मचारीको तलब, भत्ता तथा कार्यालय सञ्चालनलगायतका शीर्षकमा रकम खर्च हुने गर्दछ। तर पहिलो महिनामा चालु खर्चसमेत

बाँकी पृष्ठ ४

# बाढीपछि पनि जोखिम टरेन

***बाढीको जोखिम अझै कायम रहेको भन्दै चीन र नेपालका सम्बन्धित निकायले नदीको जलस्तर तथा पहिरोले बनेको तालको निरन्तर निगरानी गरिरहेका छन्। उद्धार तथा राहतमा हजारौँ सुरक्षाकर्मी परिचालन गरिएको छ।***



**कांँक्रेविहार संवाददाता**
सुर्खेत, १२ भदौ

भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको विनाशकारी बाढीमा परी हालसम्म करिव ६ सय भन्दा धेरै शव फेला परेको छ। नेपाल प्रहरीको पछिल्लो विवरणअनुसार ९७७ जना अझै सम्पर्कविहीन छन् भने ३ हजार ७४२ जनाको उद्धार गरिएको छ। सम्पर्कविहीनमध्ये ५१७ विदेशी नागरिक र १२७ गैरआवासीय नेपाली (एनआरएन) रहेका छन्। यस्तै, २८ जना नेपाल प्रहरी, ४५ जना नेपाली सेना, १३ जना सशस्त्र प्रहरी, १५ जना भन्सार कर्मचारी र ४ जना अध्यागमन कर्मचारी पनि सम्पर्कविहीन रहेको जनाइएको छ।

उद्धार कार्यका लागि नेपाली सेना तथा निजी क्षेत्रका ७८ वटा हेलिकोप्टर उडान सञ्चालन भएका छन्। साथै ४ हजार ४७३ जना नेपाल प्रहरी, ६ हजार ६९६ जना नेपाली सेना र ६ हजार ३५८ जना सशस्त्र प्रहरी परिचालन गरिएका छन्। घाइतेमध्ये ९४ जना उपचारपछि डिस्चार्ज भइसकेका छन्।

### चीनको चेतावनी : जोखिम अझै कायम

नेपालस्थित चिनियाँ दूतावासले सीमा क्षेत्रमा गएको हिम-चट्टान पहिरोले नदी थुनेर ताल बनेको र त्यसमा पानीको सतह बढ्दै गएको जनाएको छ। दूतावासले ताल फुट्न सक्ने जोखिम रहेकाले तल्लो तटीय

बाँकी पृष्ठ ४


## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका ड्ङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कर्णालीका दुई सय आठको अवस्था अझै अज्ञात

**कांँक्रेविहार संवाददाता**
सुर्खेत, १२ भदौ



भोटेकोसीको बाढी पश्चात कर्णालीका दुई सय आठ जना सम्पर्कविहीन भएका छन्। कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांक अनुसार परिवारको सम्पर्कमा नरहेका दुई सय ६५ मध्ये ५७ जना सम्पर्कमा आएका छन्। अन्यको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ। परिवार तथा आफन्तहरुको सम्पर्कमा नरहेकाहरु अधिकांश रसुवा र नुवाकोट लिल्लामा जलविद्युत आयोजनामा कार्यरत मजदुर छन्। प्रहरीको पछिल्लो अध्यावधिक तथ्यांक अनुसार बाढी पश्चात सम्पर्कविहीन हुनेहरु जुम्लाका धेरै छन्। जुम्लाबाट ९० पुरुष हालसम्म पनि परिवारको सम्पर्कमा आएका छैनन्। यस्तै, सल्यानबाट ४१ पुरुष, ११ महिला, दुई बालक र एक बालिका गरी ५५ जना परिवारको सम्पर्कमा छैनन। सुर्खेतका १६ पुरुष, एक महिला गरी १७, दैलेका चार पुरुष र एक महिला गरी पाँच, जाजरकोटका दुई पुरुष र एक महिला गरी तीन जनाको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ। रुकुम पश्चिमबाट पाँच पुरुष, चार महिला र एक बालिका गरी १०, हुम्लाका चार पुरुष, दुई महिला र एक बालिका गरी सात, डोल्पाका एक पुरुष र एक महिला गरी दुई, मुगुका आठ पुरुष, चार महिला र एक बालक गरी १३ र कालीकोटका तीन पुरुष, दुई महिला, एक बालक गरी ६ जनाको अवस्था अज्ञात रहेको प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता सन्तोषसिंह राठौरले जानकारी दिए।

उनले बाढी पश्चात सम्पर्कविहीन भएकाहरुको विवरण दिन आग्रह गरिएकाले संख्यामा तलमाथि हुने बताए।

# नेपाल आमालाई पत्र



✍ प्रा. डा. ऋषिकेश नारायण श्रेष्ठ

आमा ,उत्तरतर्फका हिमताल र हिमपहिरो फुटेर अचानक आएको विनाशकारी बाढी-पहिरोले तिम्रो छातीमा जुन गहिरो चोट पुऱ्याएको छ, त्यसले हाम्रा छाती पनि क्षत-विक्षत भएका छन् । तिम्रा प्यारा सन्तानहरूले अकालमै ज्यान गुमाउनुपर्दा, विकासका भौतिक पूर्वाधारहरू ध्वस्त हुँदा, वर्षौंको पसिनाबाट ठडिएका घर-आँगन र खेतबारी क्षणभरमै बाढीले बगाएर लैजाँदा सिङ्गो देश स्तब्ध र मर्माहत बनेको छ ।

यस अकल्पनीय विपत्तिमा ज्यान गुमाउनुहुने सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आफ्ना प्रियजन गुमाएर शोकको गहिरो अन्धकारमा डुबेका सम्पूर्ण परिवारजनमा हृदयदेखि नै हार्दिक समवेदना व्यक्त गर्दछु । साथै, बाढी र पहिरोको चपेटामा परी घाइते हुनुभएका सम्पूर्ण सन्तानहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

यस विपत्तिको घडीमा आफ्नो ज्यानको समेत पर्वाह नगरी उद्धार तथा राहत कार्यमा खटिनुभएका सुरक्षाकर्मी, राष्ट्र सेवक ,स्वास्थ्यकर्मी, स्वयंसेवक तथा सम्पूर्ण नागरिकहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । उहाँहरूलाई भगवान् ले अझ बढी शक्ति, साहस र धैर्य प्रदान गरून् ।

आमा, प्रकृतिको यो कठोर र निर्मम प्रहारले तिम्रा सन्तानको जीवन मात्र होइन, विकासका भौतिक पूर्वाधारमा समेत ठूलो क्षति पुऱ्याएको छ । यस विपत्तिमा तिम्रा आँखाबाट झरेका आँसु पुछ्नु आज हामी प्रत्येक सन्तानको पहिलो कर्तव्य हो ।

दुःखको यो कालो बादल एक दिन अवश्य हट्नेछ, तर यसले दिएको गहिरो घाउमा मलम लगाउन हामी सबै एकढिक्का भएर उभिनुपर्छ । हिमाल, पहाड र तराईका सम्पूर्ण सन्तान हातेमालो गर्दै उद्धार, राहत र पुनर्निर्माणको अभियानमा जुट्नुपर्छ र पीडित परिवारका लागि बलियो सहारा बन्नुपर्छ । आजको हाम्रो एकता, सहयोग र मानवीय संवेदनाले नै भोलिको नेपाल आमाको मुस्कान फर्काउनेछ ।

आमा, तिमीसँग के छैन र?

सुन्दर हिमाल छन्, हरिया पहाड छन्, उर्वर तराई छ । विश्वको शिर सगरमाथा तिम्रै काखमा छ । शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मभूमि तिम्रै माटोमा छ । करोडौं हिन्दूहरूको आस्थाको केन्द्र पशुपतिनाथ तिम्रै काखमा विराजमान छन् ।

सानो भूगोलभित्र पनि तिम्रो परिवार कति विशाल र सुन्दर छ–विभिन्न धर्म, जातजाति, भाषा, संस्कृति, परम्परा र भेषभूषा बोकेका सन्तानहरू एउटै आमाको काखमा मिलेर बसेका छन् । विविधताभित्रको एकता नै तिम्रो सबैभन्दा ठूलो शक्ति हो ।

तर आमा, कहिलेकाहीँ तिम्रो मनमा एउटा गहिरो प्रश्न उठ्छ होला– यति धेरै सुन्दरता, यति धेरै सम्भावना र यति विशाल सांस्कृतिक सम्पदा हुँदाहुँदै पनि मेरो काखमा बारम्बार विपत्ति किन आउँछ? बाढी, पहिरो र भूकम्पले मेरा सन्तानको जीवन किन उजाडिरहन्छ? अनि प्राकृतिक विपत्तिसँगै राजनीतिक दुर्घटना, अस्थिरता, द्वन्द्व र विद्रोहहरू किन जन्मिरहन्छन्? मेरा सन्तानहरू किन विदेशिनुपरेको छ? मेरा छोराहरूका लासहरू किन बाकसमा फर्किन्छन्? मेरा छोरीहरूमाथि विदेशमा किन हिंसा बढिरहेको छ?

आमा, प्राकृतिक विपत्ति आउनुका आफ्नै कारणहरू छन् । पहिलो–भौगोलिक संवेदनशीलताः कमजोर भूगर्भीय बनावट, भूकम्पीय सक्रियता र भिरालो भूगोलका कारण भूक्षय र पहिरोको जोखिम सधैँ उच्च रहन्छ ।

दोस्रो–जलवायु परिवर्तनःअनियमित मुसलधारे वर्षा, हिमनदी पग्लिने क्रम र असामान्य मौसमी चक्रले बाढी-पहिरोको जोखिम बढाइरहेका छन् ।

तेस्रो–अव्यवस्थित विकास र वन विनाशः योजनाविहीन सडक निर्माण, तीव्र शहरीकरण र रुख कटानले माटोलाई झन् कमजोर बनाएको छ र प्राकृतिक जोखिमलाई थप गम्भीर बनाएको छ ।

तर आमा, प्राकृतिक विपत्ति मात्र समस्या होइन; विपत्तिबाट हुने क्षतिकोमात्रा हाम्रो तयारी र व्यवस्थापनसँग पनि जोडिएको हुन्छ । पूर्वसूचना प्रणाली, सुरक्षित पूर्वाधार, जोखिम पहिचान, उद्धार क्षमता र दीर्घकालीन विपद् व्यवस्थापनमा पर्याप्त ध्यान दिन सके धेरै अमूल्य जीवन जोगाउन सकिन्छ ।

प्रकृतिको प्रकोप हाम्रो पूर्ण नियन्त्रणमा नहुन सक्छ, तर त्यसबाट हुने क्षति कम गर्ने तयारी हाम्रो हातमा अवश्य छ ।

त्यसैगरी आमा, तिम्रो राजनीतिक दुर्घटना र विद्रोहका

उतार-चढावका पछाडि पनि विभिन्न कारणहरू छन् । इतिहासका आन्दोलन र विद्रोहहरू सामाजिक विभेद, न्यायको खोजी र अधिकारको आकांक्षाबाट जन्मिएका हुन् । तर नेतृत्वको अदूरदर्शिता, सत्तामोह, कमजोर सुशासन र बाह्य भू-राजनीतिक प्रभावले पनि हाम्रो राजनीतिक यात्रालाई पटक-पटक अस्थिर बनाउँदै लगेका छन् ।

देशभित्र आइपर्ने संकटहरूको दीर्घकालीन समाधानका लागि राजनीतिक कलहको अन्त्य, सुशासन र स्थिर सरकार अपरिहार्य छन् । प्राकृतिक विपत्ति रोक्न नसकिए पनि त्यसबाट हुने क्षति न्यूनीकरण गर्न राज्यको पूर्वतयारी, सक्षम संयन्त्र र स्थिर शासन आवश्यक हुन्छ ।

आदरणीय आमा, हाम्रो धार्मिक, सांस्कृतिक र सामाजिक मान्यताले पनि भन्छ–जुन घरमा दिन-रात अशान्ति, किचलो, द्वन्द्व र झैझगडा भइरहन्छ, त्यहाँ सुख, शान्ति र समृद्धि टिक्न कठिन हुन्छ । त्यस्तो घरमा समस्या थपिँदै जान्छन् र अन्ततः त्यसको असर परिवारका प्रत्येक सदस्यमा पर्छ ।

देश पनि त एउटा ठूलो घर हो, वर्षौंदेखि सत्ता प्राप्ति र राजनीतिक स्वार्थका लागि सडकदेखि सामाजिक सञ्जालसम्म झुट, अपशब्द, गालीगलौज, आरोप-प्रत्यारोप, असभ्य वादविवाद र नकारात्मकताको बाढी चलेको देखिन्छ ।

विचार फरक हुनु स्वाभाविक हो, आलोचना लोकतन्त्रको सुन्दर पक्ष हो । तर आलोचना जब गालीमा, असहमति जब घृणामा र राजनीतिक प्रतिस्पर्धा जब शत्रुतामा बदलिन्छ, त्यसले समाजमा सकारात्मक ऊर्जा कसरी जन्माउन सक्छ?

यस्तो विषाक्त राजनीतिक र सामाजिक वातावरणले सकारात्मक सोचको आधार बलियो बनाउन सक्दैन । घरभित्रको निरन्तर अशान्तिले जसरी परिवारलाई कमजोर बनाउँछ, त्यसरी नै निरन्तरको सामाजिक र राजनीतिक द्वन्द्वले राष्ट्रको सकारात्मक ऊर्जा, सम्भावना र जनविश्वासलाई कमजोर बनाउँछ । परिणामस्वरूप, देशभित्र अनेकौं खालका विपत्ति र असफलताहरू दोहोरिइरहन्छन् ।

हामीलाई थाहा छ, विगतको इतिहास हेर्दा केही दिनमा यो विपत्तिको सन्नाटा हट्दै जानेछ र फेरि विपत्तिको पीडा बिर्सिएर सत्ता र स्वार्थको पुरानै राजनीतिक खेल सुरु हुनेछ । त्यसैले, यो विपत्तिको घडीमा यसपटक विपत्तिसँगै हाम्रो चेतना पनि ब्युँझियोस् ।

सत्ता प्राप्तिका लागि बन्दुकले लडिने सशस्त्र गृहयुद्ध होस् वा सामाजिक सञ्जालमा लडिने नकारात्मक शब्द-युद्ध–दुवै देश र जनताका लागि उत्तिकै विनाशकारी हुन्छन् ।

त्यसैले हामी सबै मिलेर एउटा दृढ प्रण गरौं–हामीलाई अब गालीगलौजको राजनीति होइन–संवादको राजनीति चाहिएको छ ।द्वन्द्व होइन–सहकार्य चाहिएको छ ।विभाजन होइन–एकता चाहिएको छ ।

निराशा होइन–आशा चाहिएको छ ।अराजकता होइन–विधिको शासन चाहिएको छ । सत्ता प्राप्तिका लागि एकअर्कालाई हराउने राजनीति होइन, देशलाई जिताउने राजनीति चाहिएको छ । तब मात्र देशका हरेक संकट र भविष्यमा आउने विपत्तिसँग लड्न सकिनेछ ।

अन्तमा आमा, आजको यस विपद्को घडीमा तिम्रो छातीमा परेको घाउ हाम्रै मुटुको चोट बनेको छ । तिम्रा आँखाबाट खसेका हरेक थोपा आँसुमा हाम्रा आफ्नै आँसु मिसिएका छन् । तिमी रोइरहँदा हाम्रा खुसीहरू अधुरा छन्, तिमी शोकमा डुब्दा हाम्रा सपनाहरू स्तब्ध छन् ।

तिम्रा आँखाबाट झरेका यी आँसु हामी सबै मिलेर पुछ्नेछौँ । तिम्रो घाउमा मलम लगाउनेछौँ, भत्किएका बस्तीहरू फेरि उठाउनेछौँ र उजाडिएका आँगनमा फेरि खुसी फर्काउनेछौँ । तिम्रो भविष्य सुरक्षित, सुन्दर र समृद्ध बनाउनु केवल सरकारको मात्र होइन, हामी प्रत्येक सन्तानको साझा जिम्मेवारी पनि हो । जस्तोसुकै आँधीबेहरी र संकट आए पनि, हामी तिम्रा सम्पूर्ण सन्तान तिम्रो रक्षाका लागि ढाल बनेर सदैव तिम्रो साथमा उभिनेछौँ ।"

तिम्रो एक सन्तान

# 'केरुङ नाकाबाट ल्याइएका ४ सय कन्टेनर हराए, १ हजार कामदार पनि सम्पर्कमा छैनन्'




सिन्धुपाल्चोकका ईश्वर गुभाजु र झापाका भरत कोइरालासहितको समूह विगत २० वर्षदेखि चिनियाँ बजारबाट विभिन्न सामान ढुवानीको व्यवसायमा संलग्न छ । काठमाडौंको न्यूरोडमा अफिस खोलेर काम गर्ने उक्त समूहसँग एक दर्जनभन्दा बढी कन्टेनर र ३० भन्दा बढी जनशक्ति प्रत्यक्ष रोजगारीमा थिए ।

बुधबारको भोटेकोशी बाढीपछि उनीहरूका कुनै पनि कन्टेनर फिर्ता आएका छैनन् । ३० मध्ये १८ कामदार सम्पर्कबाहिर छन् । सामान बोकेर तिब्बतबाट नेपाल प्रवेश गरेका दुई कन्टेनर रसुवा बाढीमा बगेको सूचना उनीहरूसँग छ । खाली अवस्थाका तीन कन्टेनर पनि बगे । ती कन्टेनरभित्रका रहेका चालक र सहचालकलाई पनि बाढीले बगायो ।

तिब्बती नाकामा भन्सार प्रक्रिया पूरा नभएको एउटा कन्टेनर बाढीमा बग्यो कि त्यहीँ छ भन्नेबारे उनीहरूलाई कुनै जानकारी छैन । अन्य कन्टेनरबारे पनि केही भन्न सक्ने अवस्थामा उनीहरू छैनन् ।

कन्टेनर बगाउँदा गुभाजुको एकाघरका ४ जना सदस्य बाढीमा परेका छन् । उनको नाताभित्रका १२ जना सम्पर्कविहिन छन् । उनी अहिले केही बोल्ने र सोच्ने अवस्थामा छैनन् ।

अर्का साझेदार भरत कोइरालालाई नेपाल प्रेसले सम्पर्क गर्दा उनी पनि विक्षिप्त अवस्थामै थिए । २० वर्षदेखि दुःखजिलोसँग चलाउँदै आएको व्यवसायले बल्ल 'सुखका दिन' ल्याउँदै थियो । तर, रसुवा बाढीले उनीहरूको 'सुखको सपना' क्षणभंगुर बनायो ।

भरत भन्दै थिए, 'यही व्यवसाय गर्छु भन्दा पनि हामीलाई अब कम्तीमा पाँच वर्ष उठ्न गाह्रो छ ।'

यी तमाम दुःखभित्रको सबभन्दा ठूलो क्षति हो, मानवीय । बाढीले बगाएका ६ कन्टेनरको क्षतिपूर्ति इन्स्युरेन्सबाट आउला । सामान लोड गरिएका तीन कन्टेनरभित्र एकदेखि साढे दुई करोडसम्मका सामान थिए । त्यो पैसा पनि माया मार्न सकिएला । तर, बाढीले बगाएका चालक, सहचालक, भन्सार सहजकर्ताहरूको जीवनको क्षति केहीले पनि पुर्ताल हुन सक्दैन । कोइरालाले यही कुराले आफूलाई सबैभन्दा ठूलो पीडा भएको बताए ।

यो एउटा प्रतिनिधि घटना हो । अरु पनि थुप्रै व्यवसायी यस्तो पीडामा परेका छन् । एकातिर बजारको हालत चौपट भएको छ भने अर्कातिर रसुवागढी-केरुङ नाका हुँदै चीनबाट सामान ढुवानी गर्ने व्यवसायीका पीडा दर्दनाक छन् । महिलाहरूले मनाउने सबभन्दा ठूलो पर्व तीजका लागि गरिने किनमेलका प्रायः सामग्री रसुवा बाढीले बगाएको छ ।

तीज पर्वअघि नै किनमेलको क्रम शुरु हुने गर्दछ । तीजमा लत्ताकपडा, सौन्दर्य प्रशाधन (कस्मेटिक) र विद्युतीय उपकरणहरूको बढी व्यापार हुने गर्दछ । बजारमा १४-१५ गतेबाट त्यस्ता सामान पठाउने तयारीका साथ रसुवागढी-केरुङ नाका पार गरेका र गर्नै लागेका गरी कम्तीमा ४०० कन्टेनर ट्रक हालसम्म भेटिएका छैनन् ।

व्यवसायी भन्छन्- सरकारले कुनै रेस्पोन्स गरेन

नेपाल ट्रक कन्टेनर व्यवसायी संघका अध्यक्ष अर्जुनबहादुर सापकोटाले ४ सय कन्टेनर र १ हजारका कामदार हराएको बताए । कतिपय कन्टेनर र त्यसमा रहेको कामदारहरूले समयमा उद्धार नभएर ज्यान गुमाउनु परेको उनको गुनासो छ । सिंहदरबारदेखि जिल्लामा खटिएका सरकारी प्रतिनिधिले व्यवसायी संघलाई कुनै रेस्पोन्स दिएका छैनन् ।

'हेलिकप्टर लिएर जान्छौं भन्दा पनि सरकारको अनुमति चाहिने रे, सरकार भनेको को हो, धेरै खोजिसक्यौं, भेटिएन', उनले भने ।

तीज, दसैं र तिहारका सामान आयातका लागि शतप्रतिशत कन्टेनर त्यहाँ पुगेको उनले बताए । नेपालतिर ६० देखि ७० कन्टेनर बगाएको दृश्य आँखैले देखिएको उनले बताएका छन् । जम्माजम्मी ४ सय कन्टेनर र त्यसमा रहेका १ हजार मानिसबारे कुनै सूचना नरहेको उनको भनाइ छ । तिब्बततर्फका कति कन्टेनर के भए ? केही थाहा नभएको सापकोटा बताउँछन् ।

उक्त संघमा ९६३ व्यवसायी आबद्ध छन् । संघमा आबद्ध नभएका अन्य ट्रक कन्टेनर व्यवसायीका विवरण आफूले बुझ्न नसकेको उनले बताए ।

क्षतिको यकिन विवरणको खोजीमा बुधबारदेखि नै आफू तल्लीन रहेको उनले सुनाए । तर, सरकारको सहयोग नपाइएको गुनासो गरे । 'सीडीओ, डीएसपीसँग सम्पर्क हुनै गाह्रो छ, सम्पर्क भइहाले पनि कन्टेनर व्यवसायी हौँ भन्ने बित्तिकै फोन काटिरहेका छन्', उनले भने ।

**चीनको विलम्ब र सीडीओको आदेश**

चीनतर्फको रसुवागढी-केरुङ अध्यागमन कार्यालयले बाढी जानुभन्दा १०-१२ दिनअगाडिबाट मालवाहक कन्टेनरलाई प्रवेश रोक लगाएको थियो । त्यसैले बाढी जाने अघिल्लो दिन मात्रै कम्तीमा ८० कन्टेनरले भन्सार प्रक्रिया पूरा गरेको सापकोटाले सुनाए ।

त्यसरी भन्सार प्रक्रिया पूरा गरेका कन्टेनरलाई चिनियाँ पक्षले बेलुकी ४ देखि ५ बजेभित्र नेपालतर्फ पठाइ सक्छ । तर, नेपाल प्रवेश गरेपछि नेपालतर्फको रसुवागढी अध्यागमन कार्यालयको बाँकी प्रक्रिया पूरा गर्न एउटा कन्टेनरलाई थोरैमा एकदेखि धेरैमा तीन घण्टाको समय लाग्छ । त्यसो गर्दा बेलुकीको ७ बजिसकेको हुन्छ ।

रसुवाका सीडीओ नरेन्द्र परियारले जिल्ला प्रशासन कार्यालयमा हाजिर भएको केही दिनपछि (असार २४ गतेपछि) गरेको आदेशअनुसार बेलुकी ७ बजेदेखि बिहान ७ बजेसम्म कुनै पनि मालवाहक सवारी साधनलाई टिमुरेबाट अगाडि बढ्न दिइँदैन । त्यसैले दुवै देशको भन्सार प्रक्रिया पूरा गरेर पनि कम्तीमा ६० वटा कन्टेनर बुधबार बिहानसम्म त्यहीँ रोकिए । त्यसरी रोक्नुको कारण थियो, बाटोमा पहिरो खसेर क्षति नहोस् भन्नका लागि ।

यदि सीडीओको आदेश नभएको भए भन्सार प्रक्रिया पूरा गरेका ती कन्टेनर बेलुकी नै काठमाडौंतर्फ हिँडेका हुन्थे । राति कन्टेनर रोकिएपछि कन्टेनरका चालक, सहचालक र भन्सार सहजकर्ताहरू प्रायः रातभर 'रमाइलो' गर्ने गर्दछन् । बाढी आएको दिन पनि उनीहरू त्यही स्थितिबीच मध्यरात सुते, बिहान उठेर काठमाडौं जाने तयारी गर्दागर्दै बाढीको वितण्डा छिर्‍यो । त्यसपछि टिमुरेमा राखिएका कुनै पनि गाडी, घर र मानिस बचेनन् । त्यसभित्र कन्टेनर, त्यसका चालक, सहचालक, भन्सार सहजकर्ता पनि परेका छन् ।

'७ बजेपछि टिमुरेबाट मात्रै अगाडि बढ्न दिएको भए पनि यस्तो हुने थिएन', सापकोटाले बताए । उनी भन्छन्, 'नहुनु क्षति भइसक्यो, खोजी र उद्धार गर्न हामी आतुर छौँ, तर हामीलाई कसैले सहयोग गरेन ।'

# बाँझो जमिनलाई ओखर खेतीमा विस्तार



❒ कााँक्रेविहार संवाददाता
सल्यान, १२ भदौ

परम्परागत खेतीबाट अपेक्षित आम्दानी हुन नसक्दा खेतीयोग्य जमिन बाँझिँदै गएका बेला सल्यानमा ओखर खेतीलाई व्यावसायिक रूपमा विस्तार गर्ने अभियान सुरु भएको छ।

शारदा नगरपालिकाले किसानलाई ओखर खेतीतर्फ आकर्षित गर्दै यसलाई दीर्घकालीन आम्दानीको स्रोत बनाउने योजना अघि सारेको हो।

नगरपालिकाका विभिन्न वडाका किसान सामूहिक तथा व्यक्तिगत रूपमा ओखर खेतीमा जुटेका छन्। गत वर्ष एक सय ४० रोपनी क्षेत्रफलमा व्यावसायिक ओखर खेती सुरु गरिएकोमा यस वर्ष थप क्षेत्र विस्तार गरी एक हजार रोपनीमा पुर्‍याउने लक्ष्य नगरपालिकाले लिएको छ।

नगरप्रमुख प्रकाश भण्डारीका अनुसार उच्च मूल्यको ओखर खेतीबाट किसानको आय वृद्धि गर्नुका साथै स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने र नगरपालिकाको आर्थिक गतिविधि बढाउने उद्देश्य छ।

स्थानीय हावापानी ओखर उत्पादनका लागि अनुकूल भएकाले यसको व्यावसायिक सम्भावना राम्रो रहेको उनको भनाइ छ। शारदा नगरपालिका-१० मदानाका अगुवा किसान टुल्कबहादुर कँवरसहित पाँच जना किसानले ६० रोपनी जमिनमा सामूहिक रूपमा ओखर खेती गरेका छन्। त्यस्तै वडा नं. नौ को खोलीखोला, वडा नं. चारको सुनटाकुरा, वडा नं. पाँचको रानीकोट र वडा नं. तिनको सिरुवारमा समेत ओखर खेती विस्तार गरिएको छ।

नगरपालिकाका कृषि विकास शाखा प्रमुख कविराज ज्ञवालीका अनुसार गत वर्ष नगर क्षेत्रका विभिन्न स्थानमा कुल एक हजार तिन सय ७० रोपनीमा ओखर खेती गरिएको थियो। उक्त क्षेत्रबाट ६० हजार पाँच सय २० किलो ओखर उत्पादन भएको तथ्याङ्क छ।

नयाँ बोट उत्पादनमा आउन समय लाग्ने भएकाले अहिले व्यावसायिक उत्पादन क्रमशः बढ्दै जाने उनले बताए। ओखर खेती विस्तारका लागि नगरपालिकाले पहाडी क्षेत्र काष्ठ फलफूल विकास आयोजनासँग सहकार्य गरिरहेको छ।

किसानलाई प्राविधिक तथा अनुदान सहयोगसमेत उपलब्ध गराइएको छ। बाँझिँदै गएको जमिनलाई उत्पादनमा जोड्ने, किसानलाई दीर्घकालीन आम्दानीको आधार तयार गर्ने र स्थानीय उत्पादनको पहिचान स्थापित गर्ने उद्देश्यले ओखर खेतीलाई प्राथमिकता दिइएको नगरपालिकाले जनाएको छ।

युवा जनशक्ति रोजगारीका लागि बाहिरिने र परम्परागत खेतीको लागत बढ्दै जाने अवस्थामा कम श्रममा दीर्घकालीन आम्दानी दिन सक्ने फलफूल खेतीतर्फ किसानलाई आकर्षित गर्नु आवश्यक देखिएको छ।

# गोरखामा अलपत्र ४० युवा घर फर्किए

❒ कााँक्रेविहार संवाददाता
बर्दिया, १२ भदौ



रोजगारीका लागि गोरखा पुगेका बर्दियाका ४० जना युवा कम्पनीसँगको विवादपछि अलपत्र परेको एक सातापछि सकुशल घर फर्किएका छन्।

चिनियाँ कम्पनी नान्टोङमा कार्यरत कामदार र कम्पनीका प्रतिनिधिबीच विवाद भएपछि उनीहरू गोरखाको सहिद लखन गाउँपालिका चार ताकलुङमा तीन दिनसम्म अलपत्र परेका थिए। कामदारहरू अलपत्र परेको जानकारी पाएपछि बर्दियाका प्रतिनिधिसभा सदस्य ठाकुरसिंह थारूले प्रतिनिधिसभा मार्फत सरकारको ध्यानाकर्षण गराउँदै उद्धार तथा घर फर्काउने व्यवस्था मिलाउन माग गरेका थिए। त्यसपछि गृह मन्त्रालयको निर्देशन तथा सम्बन्धित स्थानीय तहको पहलमा कम्पनी र कामदारबीच सहमति गराएर उनीहरूलाई स्थलमार्ग हुँदै बर्दिया पठाइएको हो।

सहिद लखन गाउँपालिका चारका वडाध्यक्ष यमबहादुर थापाका अनुसार भदौ छ गते निर्माणाधीन सिन्जाली माध्यमिक विद्यालयको भवन निर्माणमा संलग्न नान्टोङ कम्पनीका सुपरभाइजर र कामदारबीच विवाद भएको थियो।

विवादपछि कामदारहरूले काम छोड्नुपर्ने अवस्था आएपछि उनीहरू समस्यामा परेका थिए। खानासमेत नपाउने अवस्था सिर्जना भएपछि वडा कार्यालय, कम्पनी प्रतिनिधि र कामदारबीच छलफल गरी घर पठाउने सहमति गरिएको वडाध्यक्ष थापाले बताए। कम्पनीले प्रत्येक कामदारलाई गाडी भाडाका लागि आठ हजार रुपैयाँ पेस्की दिएको थियो। उक्त रकम कामदारले पाउने पारिश्रमिकबाट कटाएर बाँकी रकम भुक्तानी गर्ने सहमति भएको छ। त्यस्तै, चन्द्रप्रसाद चौधरी, अनुकल थारू, दिनेश चौधरी, निरेनधन थारू र अविनाश थारूलाई कम्पनीले दिनुपर्ने रकम भदौ २३ गतेसम्म बैंक खातामा जम्मा गर्ने सहमति भएको छ। घर फर्किएका अनुकल थारूले काम गर्ने क्रममा चिनियाँ कर्मचारीबाट आफूलाई हातपात भएको र उपचारका लागि समेत कम्पनीले सहयोग नगरेको आरोप लगाए। अलपत्र पर्दा सम्बन्धित निकायबाट तत्काल सहयोग नपाएको उनीहरूको गुनासो छ। बढैयाताल, गुलरिया र बारबर्दियाका ४० जना युवा अहिले सकुशल घर फर्किएका छन्।

# बनेका अस्पतालमा जनशक्ति अभाव

❒ कााँक्रेविहार संवाददाता
नेपालगञ्ज, १२ भदौ




बाँकेका स्थानीय तहमा १५ शय्याका आधारभूत अस्पतालका भवन निर्माण भइहे पनि आवश्यक जनशक्ति, उपकरण, औषधी र सञ्चालन बजेटको अभावमा सेवा सुरु गर्न चुनौती देखिएको छ।

सङ्घीय सरकारको नीति तथा कार्यक्रमअनुसार स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यले जिल्लाका अधिकांश स्थानीय तहमा १५ शय्याका अस्पताल निर्माण अघि बढाइएको हो।

केही अस्पताल भवन निर्माण सम्पन्न भइसकेका छन् भने केही अन्तिम चरणमा पुगेका छन्। तर भवन तयार भएपछि अस्पताल सञ्चालनको जिम्मेवारी स्थानीय तहकै हुने भएकाले स्रोत व्यवस्थापनमा समस्या देखिएको हो। जानकी गाउँपालिकाले १५ शय्याको अस्पताल भवन निर्माण सम्पन्न गरिसकेको छ। तर चिकित्सक, स्वास्थ्यकर्मी, आवश्यक उपकरण र बजेटको व्यवस्था हुन नसकेको गाउँपालिका अध्यक्ष छब्बन खाँले बताए।

सङ्घीय सरकारबाट पर्याप्त बजेट नआए गाउँपालिकाको आफ्नै स्रोतबाट अस्पताल सञ्चालन गर्न कठिन हुने उनको भनाइ छ।

नरैनापुर गाउँपालिकामा पनि अस्पताल भवन तयार भइसकेको छ। भारतीय सीमासँग जोडिएको यस गाउँपालिकामा जनशक्ति र उपकरणको अभावका कारण अस्पताल सञ्चालनमा आउन सकेको छैन।

गाउँपालिका अध्यक्ष इस्तियाक अहमद शाहले सङ्घ र प्रदेश सरकारसँग आवश्यक जनशक्ति तथा उपकरण उपलब्ध गराउन आग्रह गरिएको बताए। गाउँपालिकाको वार्षिक आन्तरिक आम्दानी करिब ४० लाख रुपियाँ मात्रै रहेको र १५ शय्याको अस्पताल सञ्चालनमा वार्षिक दुईदेखि तीन करोड रुपियाँसम्म खर्च लाग्ने उनले बताए।

राप्तीसोनारी गाउँपालिकाको अस्पताल भवन पनि तयार भइसकेको छ। तर सञ्चालन खर्च धान्न स्थानीय स्रोत पर्याप्त नभएपछि दातृ निकायको सहयोग खोजिएको गाउँपालिका अध्यक्ष तप्तबहादुर पौडेलले बताए।

स्थानीय तहहरूले अस्पताल सञ्चालनका लागि सङ्घ र प्रदेश सरकारबाट नियमित बजेट, जनशक्ति र उपकरणको सुनिश्चितता आवश्यक रहेको बताएका छन्। अन्यथा करोडौँ खर्च गरेर निर्माण गरिएका अस्पताल भवन प्रयोगविहीन बन्न सक्ने जोखिम छ।

# बाढीपीडितका लागि कुमाख गाउँपालिकाले गर्यो दुई लाख ५० हजार सहयोग

❒ कााँक्रेविहार संवाददाता
सल्यान, १२ भदौ





रसुवा तथा आसपासका क्षेत्रमा भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सल्यानको कुमाख गाउँपालिकाले दुई लाख ५० हजार रुपैयाँ सहयोग गर्ने भएको छ।

बिहीबार बसेको गाउँ कार्यपालिकाको बैठकले बाढीपीडितको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो।

विपद्का कारण ठूलो मानवीय तथा भौतिक क्षति भएकोप्रति दुःख व्यक्त गर्दै गाउँपालिकाले प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाएको छ।

भदौ १० गते भोटेकोशी नदीमा आएको अचानकको बाढीका कारण विभिन्न क्षेत्रमा जनधनको क्षति भएको छ। बाढीमा परी ज्यान गुमाएका नागरिकप्रति गाउँपालिकाले श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ।

गाउँपालिकाले बाढीका कारण सम्पर्कविहीन तथा बेपत्ता भएका नागरिकको तत्काल खोजी तथा उद्धार गर्न सम्बन्धित निकायलाई आग्रह गरेको छ। त्यस्तै, घाइतेको सहज तथा प्रभावकारी उपचारको व्यवस्था गर्न र बाढीका कारण विस्थापित भएका नागरिकलाई सुरक्षित स्थानमा पुनःस्थापना गर्न आवश्यक पहल गर्नसमेत आग्रह गरिएको छ।

गाउँपालिकाका कार्यवाहक अध्यक्ष लालबहादुर रावतले विपद्को कठिन समयमा प्रभावित नागरिक तथा परिवारलाई सहयोग गर्नु स्थानीय सरकारको दायित्व भएको बताए।

उनले विपद्बाट प्रभावित नागरिकलाई राहत तथा पुनःस्थापनाका लागि सबै तहका सरकार, राजनीतिक दल, सामाजिक संघसंस्था तथा नागरिक समाजबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे।

बाढी प्रभावित क्षेत्रमा उद्धार तथा राहतका कार्यक्रमलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहकार्य गर्न गाउँपालिका तयार रहेको उनको भनाइ छ।

कुमाख गाउँपालिकाले आफ्नो क्षेत्रभन्दा बाहिर भए पनि विपद्मा परेका नागरिकप्रति मानवीय संवेदना देखाउँदै आर्थिक सहयोग गर्ने निर्णय गरेको जनाएको छ।

गाउँपालिकाको यो सहयोगले बाढीबाट प्रभावित परिवारको उद्धार, राहत तथा पुनःस्थापनामा केही भए पनि योगदान पुग्ने अपेक्षा गरिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

शनिवार, १३ भदौ, २०८३
Saturday, 29 Aug 2026
सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# १२ वर्षदेखि त्रिपालमुनि सुर्खेतका बाढीपीडित



❒ **कान्क्रेविहार संवाददाता**
सुर्खेत, १२ भदौ

शासन व्यवस्था फेरियो, शासक फेरिए। केन्द्रीकृत अधिकार विकेन्द्रित भयो र तीन तहका सरकार बने। प्रदेश तथा स्थानीय तहले संविधानमै अधिकार पाए।

स्थानीय जनप्रतिनिधिको हातमा थुप्रै कार्यकारी अधिकार पुगे। तर, सुर्खेतका बाढीपीडित नागरिकको जीवन भने १२ वर्षदेखि उस्तै छ–अस्थायी टहरो, त्रिपाल र अनिश्चित भविष्य।

२०७१ साल साउनको अन्तिम साता सुर्खेतका विभिन्न नदी तथा खोलामा आएको भीषण बाढी र पहिरोले ठूलो जनधनको क्षति गर्‍यो। कैयौँले ज्यान गुमाए भने धेरै परिवारले घर, जग्गा र जीविकोपार्जनका आधार गुमाए।

बाढीपहिरोपछि विस्थापित परिवार जिल्लाका विभिन्न स्थानमा अस्थायी शिविर बनाएर बस्न थाले। बराहताल गाउँपालिकाको गिरीघाट त्यस्तै एउटा बस्ती हो। यहाँ हरिहरपुर क्षेत्रका बाढीपीडित परिवार १२ वर्षदेखि अस्थायी टहरामा बस्दै आएका छन्।

सुरुवातमा करिब तिन सय ८५ घरधुरी रहेको बस्तीमा अहिले एक सय २५ घरधुरी रहेको स्थानीयको भनाइ छ। केही परिवारले सरकारी राहत पाएपछि अन्यत्र बसोबास गरे पनि धेरै परिवार अझै गिरीघाटमै छन्।

७४ वर्षीय रूपलाल विकका लागि सुरक्षित घरमा बस्ने सपना अझै अधुरै छ। वर्षा हुँदा त्रिपाल चुहिन्छ, गर्मीमा टहरो तातिन्छ र जाडोमा कठ्याङ्ग्रिने चिसो सहनुपर्छ। उमेर ढल्किँदै जाँदा पनि उनको दैनिकीमा कुनै परिवर्तन आएको छैन।

‘न्यानो घरमा बस्ने आशा गरेको १२ वर्ष भइसक्यो,’ विक भन्छन्, ‘अहिले पनि त्रिपालमै दिन बिताउनुपरेको छ।’ बस्तीकी खगिसरा कामीको जीवन पनि उस्तै संघर्षपूर्ण छ। उनी पहिले गिट्टी-बालुवा र अहिले दाउरा बिक्री गरेर परिवारको गुजारा चलाउँदै आएकी छन्।

आर्थिक अभाव, बेरोजगारी र अवसरको कमीले बस्तीका परिवारलाई थप समस्यामा पारेको उनको भनाइ छ। ‘दुई छाक टार्नै धौ-धौ छ।

सत्ता फेरिए पनि हाम्रो दैनिकी फेरिएन,’ उनी भन्छिन्, ‘बेरोजगारीका कारण घरेलु समस्या बढेका छन्। बालबालिकाको शिक्षामा पनि असर परेको छ।

# शव भण्डारणमा देशव्यापी सङ्कट

❒ **कान्क्रेविहार संवाददाता**
काठमाडौं, १२ भदौ

नेपाल प्रहरीको पछिल्लो तथ्याङ्क अनुसार भोटेकोशी बाढीपछि ४८९ शव फेला परेको छ। तीमध्ये अधिकांश शवको पहिचान खुल्न सकेको छैन। शव भेटिने क्रम जारी छ।

देशभरका अस्पतालमा तीन सयको हाराहारीमा शव व्यवस्थापन गर्न सक्ने क्षमता छ। फरेन्सिक विशेषज्ञ डा. गोपाल चौधरीले देशभरिका अस्पतालमा शव राख्ने डिप-फ्रिजको क्षमता करिब ३०० देखि ३५० सम्ममात्र भएकाले ठुला विपद्का समयमा शव भण्डारणको ठुलो चुनौती खडा हुने गरेको बताए।

विशेषज्ञहरूका अनुसार मानिसको मृत्यु भएपछि शवलाई तुरुन्तै गाड्न वा जलाउन सम्भव नहुँदा (जस्तैः आफन्त आउन बाँकी हुँदा, पोस्टमार्टम गर्नुपर्दा, वा कानुनी प्रक्रिया बाँकी छँदा) शव नकुहियोस् भनेर चिसो बनाएर राख्ने विशेष फ्रिज वा बाकस डिप-फ्रिज हो।

अद्यावधिक तथ्याङ्क अनुसार चितवनमा १७८ वटा शव चितवन उद्योग वाणिज्य संघमा राखिएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए। उनले भने, ‘तीमध्ये तीन जनाको शव पहिचान भएको छ। बाँकी शव अस्पतालहरूमा लैजान्छौँ।’

चितवनका विभिन्न अस्पतालमा शव व्यवस्थापनको क्षमता ५० छ। यस्तै त्रिवि शिक्षण अस्पतालमा १५० शव राख्ने क्षमता छ।

त्रिवि शिक्षण अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोस्याराले २५ शवमध्ये चार जनाको पहिचान भएको जानकारी दिए। उनले भने, ‘अझै २१ जनाको शव पहिचान हुन सकेको छैन। हाम्रो अस्पतालको क्षमता १५० शव राख्ने हो।’

रोस्याराका अनुसार सुरुमा शवको पहिचान गरिन्छ। त्यसपछि मृतकका आफन्तलाई जानकारी गराइन्छ। यदि मृतकको पहिचान नभए फोटो सार्वजनिक गरिन्छ।

## बाढीपछि...

क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

### राहत कोषमा ३६ घण्टामै पौने २ अर्ब सहयोग संकलन

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३६ घण्टाभित्र १ अर्ब ९१ करोड ८६ लाख रुपैयाँभन्दा बढी सहयोग रकम जम्मा भएको छ। नयाँ सहयोग रकम थपिएसँगै कोषमा रहेको कुल रकम ४ अर्ब ९ करोड रुपैयाँभन्दा बढी पुगेको छ। सूर्य नेपाल प्रालिले मात्रै १५ करोड रुपैयाँ सहयोग प्रदान गरेको छ।

### राहत र पुनःस्थापनामा सरकारको जोड

रसुवा, नुवाकोट, धादिङलगायत प्रभावित जिल्लामा खोज, उद्धार, राहत, खानेपानी, अस्थायी आवास तथा शव व्यवस्थापनलाई प्रभावकारी बनाउन संघीय सरकारका मन्त्रालय र सहयोगी निकायबीच उच्चस्तरीय छलफल जारी छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा राहत तथा पुनःस्थापनाका कार्यक्रम तीव्र बनाइएको जनाइएको छ।

## कर्णालीमा...

अपेक्षाकृत न्यून देखिएको छ।

### सरकार गठनमा भएको ढिलाइको असर बजेटमा

प्रदेश सरकारको गठनमा भएको ढिलाइका कारण बजेट कार्यान्वयन प्रभावित भएको बताइएको छ। साउन १२ गते मुख्यमन्त्री नियुक्त भएका मंगलबहादुर शाहीले बिहीबार मात्रै मन्त्रिपरिषद्लाई पूर्णता दिएका छन्।

सरकार गठन तथा मन्त्रालयको जिम्मेवारी बाँडफाँटमा भएको ढिलाइले नयाँ आर्थिक वर्षका योजना तथा कार्यक्रम कार्यान्वयनमा समेत असर परेको देखिन्छ।

मन्त्रालयहरूमा राजनीतिक नेतृत्व नहुँदा कतिपय नीतिगत निर्णय, योजना छनोट तथा कार्यान्वयन प्रक्रिया अघि बढ्न नसकेको अवस्था थियो।

### विकास बजेट खर्च गर्न चुनौती

कर्णालीमा हरेक वर्ष बजेट खर्चको कमजोर अवस्था देखिँदै आएको छ। विशेषगरी पुँजीगत बजेट खर्च हुन नसक्दा प्रदेश सरकारले विनियोजन गरेको ठूलो रकम वर्षको अन्त्यतिर मात्रै खर्च गर्ने प्रवृत्तिको आलोचना हुँदै आएको छ।

आर्थिक वर्षको सुरुवाती महिनामै बजेट कार्यान्वयनको गति कमजोर हुँदा यसपटक पनि अन्तिम चौमासिकमा अत्यधिक बजेट खर्च हुने जोखिम देखिएको छ। यस्तो प्रवृत्तिले योजनाको गुणस्तर, पारदर्शिता र अपेक्षित प्रतिफलमाथि प्रश्न उठ्ने गरेको छ।

जसकारण विकास निर्माणका योजनाको प्रक्रिया समयमै अघि बढाउन नसके आर्थिक वर्षको अन्त्यमा हतारमा बजेट खर्च गर्ने पुरानै प्रवृत्ति दोहोरिने सम्भावना छ।

# रसुवा बाढीपीडितका लागि सुदूरपश्चिम सरकारको २ करोड सहयोग

❒ **कान्क्रेविहार संवाददाता**
धनगढी, १२ भदौ



सुदूरपश्चिम प्रदेश सरकारले रसुवाका बाढी प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि २ करोड रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको छ।

शुक्रबार बिहान बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले प्रदेश सरकारका तर्फबाट उक्त रकम सहयोग गर्ने निर्णय गरेको हो।

बैठकले मुख्यमन्त्री खगराज भट्टसहित प्रदेश सरकारका मन्त्रीहरूले आफ्नो एक महिनाको तलबसमेत बाढी प्रभावित नागरिकको सहयोगका लागि उपलब्ध गराउने निर्णय गरेको छ।

प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले प्रदेश सरकारले आर्थिक सहयोग गर्ने निर्णय गरेको जनाएको छ।

प्रदेश सरकारको दुई करोड रुपैयाँ सहयोगसँगै मुख्यमन्त्री तथा मन्त्रीहरूको एक महिनाको तलबसमेत उपलब्ध हुने भएपछि रसुवाका बाढी प्रभावित क्षेत्रमा राहत तथा पुनःस्थापनाका काममा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१३**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री बेलबहादुर डाँडी** धनी रहेको, **दर्ता नम्बर** १८०६/०७०/०७१ बाट **रामघाट-७, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **डाँडी बंगुर तथा पोल्ट्री फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।






काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)